
# चापाकोट नगरपालिका
# नगर कार्यपालिका कार्यालय
# चापाकोट, स्याङ्गजा

## आ.व. २०७५/७६

## बजेट वक्तव्य




चापाकोट नगरपालिका कार्यालय
चापाकोट, स्याङ्गजा
www.chapakotmun.gov.np
सम्पर्क नं ०६३४११०८०/८१

## विषय सुचि

## खण्ड - १ परिचय


१.१ चापाकोट नगरपालिकाको संक्षिप्त परिचय

१.२ विद्यमान अवस्थाको समीक्षा

    १.२.१ सवल पक्ष

    १.२.२ दुर्वल पक्ष

    १.२.३ अवसर

    १.२.४ चुनौति

१.३ बार्षिक नीति तथा कार्यक्रम तर्जुमाका लागि अवलम्वन गरिएको पद्धति

१.४ आयोजनाका प्राथमिकिकरणका आधारहरु


## खण्ड -२

## चालु आ.व. २०७४/७५ का समिक्षा


२.१ स्थानिय तह गठन पश्चात सम्पन्न कार्यक्रमको समिक्षा

२.२ गैरसरकारी संस्था हरुवाट सम्पन्न कार्यक्रमहरुको समिक्षा


## खण्ड - ३

## आगामि आ.व. २०७५/७६ को वार्षिक नीति तथा कार्यक्रमहरु


३.१ सोच

३.२ लक्ष्य

३.३ उद्धेश्य

३.४ अपेक्षित उपलव्धी

३.५ बार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरु

३.५.१ समग्र नीति तथा आधारहरु

३.५.२ क्षेत्रगत नीति तथा आधारहरु

    क) आर्थिक क्षेत्र

    ख) सामाजिक क्षेत्र

    ग) पुर्वाधार क्षेत्र

    घ) वातावरण तथा बिपत व्यवस्थापन क्षेत्र

    ङ) संस्थागत विकाश तथा सेवा प्रवाह

३.६ मुख्य मुख्य आयोजनाहरु र कार्यक्रमहरु

३.७ अनुमानित आय तथा श्रोत व्यवस्थापन

## खण्ड -४

## अनुसुचिहरु

आय र व्ययको विवरण

राजश्व तथा अनुदान प्राप्तीको अनुमान

व्यय अनुमान

कार्यक्षेत्रगत  व्यय र अनुमान

बार्षिक विकाश कार्यक्रम

वार्षिक कार्यक्रम कार्यान्वयन योजना

## नगरपरिचय :

स्थानिय स्वायत्त शासन ऐन, २०५५ को दफा ७२ ले दिएको अधिकार प्रयोग गरि नेपाल सरकारको निती २०७३/११/२७ को निर्णयानुसार यस नगरपालिकाको गठन भएको हो । साविकका ६ वटा गा वि. स चापाकोट, रत्नपुर , कुवाकोट सांखर सेखाम पकवादी र मल्यांकोट लाई एकिकृत गरि गठन भएको यस नगरपालिका मा हाल १० वडा रहेका छन् ।
भौगोलिक रुपले सुन्दर नगरी चापाकोट नगरपालिका जसको क्षेत्रफल १२०.५९ वर्ग कि. मि. र जनसंख्या २६०४२ रहेको छ । यस चापाकोट नगरपालिकाको पुर्वमा तनहु जिल्ला, पस्चिममा गल्यांग नगरपालिका स्याङ्गजा, उत्तरमा हरिनाश गाउँपालिका र विरुवा गाउपालिका र दक्षिणमा पाल्पा जिल्ला रहेको छ । समुन्द्र सतहवाट करिव ४६५ मिटर उचाईमा रहेको यस नगरपालिकाको तापक्रम न्युनतम ६ डिग्रि र अधिकतम ३५ डिग्री सेल्सीयस रहेको छ । यस नगरको अवस्थिति ८३ डिग्री ४९ मिनेट पुर्वि देशान्तर देखि ८३ डिग्री ८२ मिनेट पुर्वी देशान्तर र २७ डिग्री ५४ मिनेट उत्तरी अक्षांश देखि २७ डिग्री ९० मिनेट उत्तरी अक्षाँशमा फैलिएको छ । विद्युत, खानेपानी, यातायात, शैक्षिक संघसंस्था र संचारको विकाश सामान्य रुपमा रहेको यस चापाकोट नगरपालिकाको केन्द्र साविक चापाकोट नगरपालिकाको गा.वि.स केन्द्र मा रहेको छ । विश्वको एकमात्र शालिग्राम पाईने कालिगण्डकी नदि यसै नगरपालिकाको दक्षिणी बाटो भएर वग्दछ उत्तर तर्फ ज्याग्दी खोला कलकल बगेको छ जसमा ज्याग्दीको सभ्यता लुकेको छ । सांस्कृतिक र पर्यटन को प्रचुर सम्भावना बोकेको भएतापनि पक्कि मोटरवाटो हुन नसकेको यस नगरपालिकामा अहिले करिव ५ किलोमिटर भन्दा बढि कालोपत्रे सडक वनिसकेको छ । अधिकांश भुभाग तराई जस्तो समथर रहेता पनि यस क्षेत्रमा उचित सिचाई तथा खानेपानिको अभावले कृषिजन्य क्षेत्रको उत्पादनशिलमा प्रभावकारिता ल्याउन सकिएको छैन यद्यपी यो विषयमा उल्लेख्य रुपमा सुधार भएको छ ।

## बार्षिक नीति तथा कार्यक्रम र वजेट निर्माणमा अपनाईएका पद्धतिहरु :

समतामुलक समाजको निर्माण मार्फत सामाजिक न्याय कायम गरि वितरणात्मक न्याय आजको आवश्यकता हो । जसका लागि विकाशका हरेक चरणमा सहभागितात्मक निर्णय प्रणाली अपनाउनु लोकतन्त्रको मुलभुत चरित्रपनि हो । वजेट

निर्माणका क्रममा टोल वस्ती स्तरको छलफल , सहभागितात्मक छनौट पद्धति , वडास्तरीय भेलावाट छनौट तथा पारित भई आएका योजनाहरु जुन वास्तविक आवश्यकतामा आधारित छन, त्यसलाई नै प्राथमिकता दिई लोकतान्त्रिक मुल्य र मान्यताहरुलाई अवलम्वन गर्दै स्थानिय तहको बजेट निर्माण दिग्दर्शनलाई आधार मान्दै निर्माण गरिएको छ । यसले समग्र चापाकोट नगरपालिकामा समन्याय, समविकाश, समानुपातिक समावेशिकरण र सहभागितामुलक विकाशलाई प्राथमिकता दिदै यस समग्र चापाकोट नगरपालिकाको संम्वृद्धिको अपेक्षा गरिएको छ ।

**आयोजनाहरु प्राथमिकिकरणका आधारहरु :**

चापाकोट नगरपालिका कार्यालयले संचालन गर्ने योजनाहरु अधिक भन्दा अधिक मात्रामा जनसहभागितामा तथा लागत सहभागितामा आधारित हुने गरि योजनाहरु तय गरिएको छ । क्रमागत योजनाहरुलाई प्राथमिकता दिदै समावेसी र सहभागितामुलक छनौटमा आधारित वडास्तरिय योजनाहरुलाई प्राथमिकता दिइएको छ ।आर्थिक सामाजिक सांस्कृतिक पर्यटन पुर्वाधार क्षेत्रको निर्माण का क्षेत्रलाई राखिएको छ । वितरणात्मक न्याय प्रदान् हुने र समृद्ध चापाकोट नगरि निर्माणका लागि सहयोग पुऱ्याइ गरिवी न्युनिकरणमा योगदान् पुऱ्याउने योजना हरुलाई उच्च प्राथमिकतामा राखिएको छ ।

**गत आर्थिक वर्षको समिक्षा**

गत आ. व. ०७३/७४ मा भएका कामहरुको समिक्षा २०७४ माघ १० गते सम्पन्न गरिएको थियो । नगरपालिकाका निर्वाचित नगर प्रमुख, उप-प्रमुख, दश वटै वडा मा निर्वाचित जनप्रतिनिधीहरु वडाध्यक्षहरु, वडा सदस्यहरु, कार्यपालिका सदस्य हरु नगरपालिकाका कर्मचारीहरु पत्रकार  आदिको उपस्थितीमा सम्पन्न भएको समिक्षा कार्यक्रममा सवै सहभागिहरुले  नगरपालिका ले गत वर्ष गरेका कार्यहरुको वारेमा प्रशंसा र सुधारका लागि अमुल्य सुझाव ब्यक्त गर्नुभएको थियो चापाकोट नगरपालिका बाट सम्पादन भएका अघिल्ला बर्षका कार्यक्रमहरु अधिकांशको उपलब्धी संतोषजनक नै रहेको देखिन्छ । शिक्षा स्वास्थ्य कृषी तथा पुर्वाधार निर्माणका कार्यहरुले विषेश सफलता हासिल गरेको देखिन्छ तथापी यी क्षेत्रहरुमा थप प्रभावकारी रुपमा योजना छनौट  गरि संचालन गर्न आवश्यक देखिन्छ ।

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ८ को ठ र दफा १९ बमोजिम नगर सभा बोलाएर समिक्षा कार्यक्रम समेत गर्ने गरेका छौ । साथै प्रत्येक चौमासिक मा सार्वजनिक

सुनुवाइ कार्यक्रम गर्दै प्रशासनिक तथा वित्तिय पार्दर्शिता  प्रतिबद्धता जनाइएकै छ । सरकार जनताको घर नजिक पुगि स्थानिय सरकारको प्रत्याभुती दिलाइएको छ तथापी वडा कार्यालयहरुको संरचना निर्माण कर्मचारी ब्यवस्थापन लगाएतका कार्यहरु गरि सेवालाई थप प्रभावकारी वनाउने कार्य गर्दै जानुपर्नेछ ।

**उपलब्धी :**

स्थानिय तहको पुनःसंरचना भइ स्थापित भएको यस चापाकोट नगरपालिकाको सेवा प्रवाह थप प्रभावकारी भएको समावेशी तथा लक्षित कार्यक्रम प्रभावकारीता अभिबृद्धी भइ गरिव विपन्न पिछडा बर्ग महिला दलित आदिबासी तथा सिमान्तकृत समुदाय लाभान्वीत  भएका हुनेछन् ।

सामाजिक सुरक्षा कार्यक्रमलाई बैकिङ्ग प्रणालिमा आवद्ध बनाउने बालमैत्री स्थानिय शासन को प्रवर्धन भएको दिगो आर्थिक सामाजिक विकास मातृशिसु र पोषणका क्षेत्रमा सुधार भइ आर्थिक सामाजिक र सांस्कृतिक क्षेत्रहरुमा अपेक्षाकृत सुधार भइ गरिवी न्युनिकरणमा प्रभावकारी रुपमा सुधार आइ  जनसन्तुष्टी अभिबृद्धी गर्दै वित्तिय शुसासन कायम भएको हुनेछ ।

चापाकोट नगरपालिकाको तर्फबाट तेश्रो नगरसभामा नगरसभाका अध्यक्ष एवम् नगर प्रमुख श्री शिव कुमार गिरी ज्यु बाट पस्तुत गरिएको आ.ब. २०७५/०७६ का प्रस्तावित बजेट नीति तथा कार्यक्रम ।

श्रद्धेय उपप्रमुखज्यु सदस्य ज्युहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यु, लगाएत सम्पुर्ण उपस्थीत महानुभावहरुलाई चापाकोट नगरपालिकाको तेश्रो नगर सभामा बजेट निति योजना तथा कार्यक्रम प्रस्तुत समारोहमा नगरपालिकाको बजेट तर्जुमा समितिको संयोजकको तर्फ वाट हार्दिक स्वागत गर्न चाहान्छु । साथ ऐतिहासिक यो अवसर जनमत मार्फत मलाई पाप्तभएकोमा म आफुलाई असाध्य भाग्यमानी ठानेको व्यहोरा समेत सभा समक्ष अनुरोध गर्दछु ।

स्याङ्गजा जिल्ला को सुन्दर नगरपालिका हो चापाकोट नगरपालिका भौगोलिक, प्राकृतिक, ऐतिहासिक, साँस्कृतिक एव पर्यटकीय महत्वका दृष्टिले अत्यन्त प्रवल सम्भावना भएको नगरपालिका भएर पनि द्रुत विकासका लागि हामी सामु केही चुनौतीहरु पनि छन । विकासका क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मुल प्रवाहमा ल्याउन, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यम द्वारा रोजगारी विस्तार गर्न, कृषि क्षेत्रको व्यवसायिकिकरण र आधुनिकिकरण गर्न, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारिता कायम गर्न, कृषि विकासबाट प्राप्त लाभ लिई सवै क्षेत्रसम्म पुऱ्याउन, वन जंगलको सरक्षण गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्न, भौतिक पुर्वाधारको विकासमा लगानी वृद्धि गर्न तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासका प्रतिफल हासिल गर्न एव आन्तरिक आयका दायरालाई फराकिलो बनाउन र आन्तरिक ब्यवस्थापनलाई सुशासनमैत्री बनाई संस्थागत सुदृढिकरण गर्न तथा संविधानको वमोजिमको कानुन निर्माण तथा कार्यन्वयन गरि साङ्गठनिक सक्षमता र आत्मनिर्भर उन्मुख हुनका लागि चापाकोट नगरपालिका सदैव अग्रसर रहन्छ ।

स्थानीय तहहरुको विकासको माध्यमद्वारा अपक्षित उदेश्यहरु हासिल गर्न जन निवार्चित प्रतिनिधिहरुको कुशल नेतृत्व अति नै आवश्यक भए वमाजिम नेपालको सविधान २०७२ ले स्थानिय सरकारको परिकल्पना गरे अनुसार २०७४ वैशाख ३१ गते आम निर्वाचन सम्पन्न भई जनताको मतले हामी निवार्चित भइ यस नगरपालिकाको नेतृत्व समालका छौं । यस चापाकोट नगरपालिकाको विकास तथा स्थानीय तहको सचालनमा यस अगाडी राजनीतिक दल, कर्मचारी प्रशासन, नागरिक समाज, निजि क्षेत्र, गा.स.स. तथा आम जनसमुदायवाट प्राप्त गरको रचनात्मक एव सिर्जनात्मक सहयोगका लागि म सवै प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा समेत हामी जनप्रतिनिधी लाई यस्तै सहयोगको निरन्तरताको अपेक्षा गर्दछु । साथै हामी जननिर्वाचीत सवै सदस्यहरु फाटेर होइन जुटेर वहुमतिय मात्र नभै सहमतिय अभ्यास वाट एक भई अगाडि बढनु पर्छ, बढने छौ भन्ने प्रण गर्दछु ।

**समादर्णिय सभा सदस्य ज्यु हरु ,**

अव म चापाकोट नगरपीलकको आ.व. २०७५/०७६ को समग्र क्षेत्रगत प्रस्तावित नीति, कार्यक्रम र बजेटको सार सम्क्षीप्त प्रस्तुतिका लागि अनूमति माग्दछु ।

<u>चाल आ.व. २०७४/०७५ का असार  सम्मको यथार्थ तथा सशोधित आय व्यय विवरण</u>

चालु आ.व. २०७४/०७५ असार ०८ सम्मको  आन्तरिक आम्दानी तर्फ ५५ लाख २८ हजार ४ सयगरी कुल यथार्थ आम्दानी ३९ करोड ९६ लाख मध्ये पुजिगत तथा कायर्क्रम खर्च रु ३१ करोड ९६ लाख ३८ हजार रहको छ ।

<u>आ.ब. ०७५/०७६ का प्रस्तावित आय-ब्यय अनुमान :</u>

आगामी आ.ब. मा  केन्द्रिय अनुदानबाट  रु.१५ करोड ३८ लाख , प्रदेश सरकार बाट रु १ करोड ७८लाख ४६ हजार ५ सय ७   र आन्तरिक श्रोत  एव राजश्व वाडफाडबाट  ९० लाख  र केन्द्रिय ससर्त अनुदान रु २१ करोड ४८ लाख गरि आगामी  आ.व. मा नगरपालिकाको  कुल  अनुमानित  बजेट  रु ४१ करोड ८७ लाख ६१ हजार ८ सय २० रहको छ । जसमा चालु तथा प्रशासनिक खर्च रकम रु २९ करोड १६ लाख १५ हजार ३ सय १३ छ  भने कार्यक्रम तथा पुजिगत तर्फ रु. १२ करोड   ७१ लाख ४६ हजार ५ सय ७ रहको छ । जस मध्ये चालु तथा प्रशासनिक  र पुजिगत तथा कार्यक्रम बजेट  क्रमशः ६६ र ३३ प्रतिशत रहेको छ ।

<u>चालु आ.ब. को असार महिना सम्मका मुख्य उपलब्धीहरु :</u>

गत वर्षका नगरसभा अनुसार हाल वडा कार्यालयका ९५ प्रतिशत काम तथा योजना हरु सम्पन्न भई सकको छ भने नगरपालिकाको  स्थापना पश्चात कार्यालयको व्यवस्थापन रङरोगन फिर्निचर व्यवस्थापन , मेसिनरी औजारको व्यवस्थापन वडा कायालर्यमा फर्निचर तथा मेसिनरी सामाग्रीहरुको व्यवस्थापन लगाएतका कार्य सम्पन्न भएका छन। भौगोलिक विकटता भएतापनी सवै वडा कार्यालयहरुलाइ भाडा मै भवन प्रयोग गरेर पनि सेवा प्रवाहलाई चुस्त  दुरुस्त  पारिएको पारिएको छ ।

**सभासदस्य ज्यूहरु,**

अव म यस चापाकोट नगरपालिकाको एकिकृत विकास को लागि आगामी आर्थिक बर्ष २०७५/०७६ को बजेटको दिर्घकालिन सोच, प्राथमिकताका क्षेत्रहरु,योजना तर्जुमाका आधारहरु तथा आगामी आ. व को समग्र निति तथा कार्यकमहरु विषयगत रुपमा सार संक्षिप्त प्रस्तुतीका लागी अनुमती चाहन्छु ।

## <u>दिर्घकालिन सोच ,लक्ष्य र उद्येस्य :-</u>

**दिर्घकालिन  सोच :**

संघिय संरचना अनुकुल सहभागिता मुलक समावेशी समन्यायीक उत्तरदायी र स्थानिय स्वायत्त शासन अनुरुपको चापाकोट नगरी निर्माण गर्न विकासका सवै पुर्वाधार खडा गरि समृद्ध सुन्दर नगरपालिको निर्माण गर्दै अन्ततः शुसासन गरिवी निवारण समावेशिकरण लाई प्रसय दिइ रोजगारिको सुनिस्चिततामा योगदान पुऱ्याउने ।

**लक्ष्य :**

जनप्रतिनिधी मुलक एवम् उत्तरदायी स्वायत्त शासन पद्धतीको सुदृढिकरण द्धारा साधन स्रोत तथा अवसर हरुमा जनताको सहभागिता सुनिस्चित गर्दै वितरणात्मक न्यायमा आधारित पद्धतिको माध्यमबाट समृद्ध चापाकोट बनाउने ।

आगामी आ.व. २०७५/०७६ का लागि तय भएका प्राथमिकताका क्षेत्रहरुः-

. भौतिक पुर्वाधारहरुको मर्मत सुधार तथा स्तर उन्नतीमा जोड तथा नया सडक सञ्जाल विस्तारमा जोड तथा पूरानो सडक सञ्जालको दिगो निर्माणका आवश्यक कार्य गरीने ।
. कषि, पशु, वन, वातावरण र पर्यटन विकासमा जोड ।
. मानवीय विकास (शिक्षा स्वास्थ्य र सरसफाइ) मा जोड
. लैगिक तथा समावेशी विकासका लागि सामाजिक परिचालनमा जोड ।
. सुकुम्वासी समस्या समस्या र गरिवी न्युनिकरणका लागि सोलार भिलेज को निर्माण गर्ने
. अर्गानिक उत्पादन लाई बढावा दिने र हरित नगर निर्माण गर्न कार्य गरिनेछ ।
. समृद्ध नगर र सुखी नगरवासी निर्माणका लागि आवस्यक सम्पुर्ण कार्य गरिने ।

उद्येस्य एवम् रणनितीहरु :

स्थानिय स्वायत्त सासन तथा सहभागिता मुलक पद्धतीका माध्यम बाट जनतालाई आधारभुत सेवा सुविधा उपलब्ध गराउन जनताको नजिकको सरकार को मुल्य र मान्यता लाइ आत्मसाथ गर्दै नगरपालिकामा रहेका विद्यमान बेरोजगारी, वुहआयामिक गरिवी र असमानता घटाइ सामाजिक आर्थिक रुपान्तरण गरि देहायका रणनितीहरु अवलम्वन गर्ने :

**रणनितीहरु :**

❖ स्थानिय संरचनाहरुको स्थापना ब्यबस्थापन र कृयाशिलता बढाउने ।,
❖ बालमैत्री स्थानिय सासनलाई नगरपालिका भरि बिस्तार गर्ने ।,

- ❖ दिगो आर्थिक सामाजिक विकास वातावरणमैत्री गुणस्तरिय स्थानिय पुर्वाधार तथा प्रभावकारी सेवा प्रवाहद्धारा सिप विकास र आय आर्जनका अवशर हरुलाई विस्तार गर्दै गरिवी न्युनिकरणमा टेवा पुऱ्याउने ।,
- ❖ स्थानिय विकास का लागि स्थानिय स्तरमा कृयाशिल गैर सरकारी संघ संस्थाहरु तथा विकास का साझेदार हरु संग सहकार्य गरि विकास कार्यलाई थप प्रभापकारी वनाउने ।,
- ❖ अनुगमन कार्यलाई योजना चक्रको चरणहरु मध्ये अभिन्न अंगको रुपमा विकास गरि नतिजा मुलक अनुगमन प्रणालीको कार्यान्वयन गर्ने ।,
- ❖ स्थानिय पुर्वाधार निर्माणमा प्राविधिक मापदण्ड एवम् गुणस्तर कायम गर्दै श्रम मुलक आधुनिक र वातावरण अनुकुल प्रविधीको उपयुत्त संयोजन गर्दे स्थानिय पुर्वाधार तथा आर्थिक सामाजिक विकास का कार्यहरुलाई प्राथमिकता दिने ।
- ❖ स्थानिय तहमा भुउपयोग निती कार्यान्वयन गर्दै जाने ।,
- ❖ जलवायु परिवर्तन अनुकुल तथा विपद् ब्यवस्थापन सम्बन्धी कार्यहरुमा स्थानिय जनताको सहभागिता बढाई समन्वयात्मक रुपमा बाताबरणमैत्री स्थानिय सासन प्रबर्द्धन गर्ने ।,
- ❖ स्थानिय तहको संरचनालाई प्रभावकारी बनाउदै सेवा प्रवाहलाई चुस्त र नागरिक मैत्री बनाउन क्षमता अभिबृद्धी का कार्यक्रम सञ्चालन गर्ने ।,
- ❖ विकेन्द्रिकरणको माध्यमद्धारा सार्वभौमसत्ता सम्पन्न जनतालाई सासन प्रकृयामा आधिकारिक मात्रामा सम्मेलित गराइ लोकतन्त्रका लाभहरु को उपभोग गर्न सक्ने ब्यवस्था गर्ने ।,
- ❖ आफ्नो क्षेत्रको विकास को लागि प्राकृतिक साधन र स्रोत को परिचालन विनियोजन र विकास को प्रतिफलको सन्तुलित तथा समान् वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाती आदिबासी दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेत का जनताको सहभागितामा अभिबृद्धी गर्दै विकास प्रकृयालाई संस्थागत गर्ने ।,
- ❖ योजनाहरुको तर्जुमा र सञ्चालन गर्न आवश्यक जिम्मेवारी र अधिकार स्थानिय स्तरमा नै प्रदान गर्न जवाफदेहिता बहन गर्ने गरि चापाकोट नगरपालिकाको विकास गर्ने ।

- ❖ स्थानिय नेतृत्वको विकास गरि जनताको दैनिक आवश्यकता तथा जनजिवन लाइ असर पार्ने विषयमा निराकरण गर्न सक्नेगरि स्थानिय स्वायत्त शासन पद्धतीको विकास गर्ने
- ❖ स्थानिय स्तरका स्रोत र साधनको उच्चतम प्रयोग गरि भौगोलिक विकटतालाई हेरि सेवा प्रवाहमा सहजताका लागि आवस्यक उपायहरुको अवलम्वन गर्ने ।
- ❖ सर्वतोमूखी सामाजिक आर्थिक विकासमा केन्द्रित रहेर सोलार भिलेज को निर्माण गरि सुकुम्वासी समस्याको समाधान को उपायको खोजी गर्ने साथै गरिवी न्युनिकरणको रणनिती लिइएको छ ।
- ❖ अर्गानिक नगर, हरित नगर को रुपमा चापाकोट नगरपालिका लाई विकास गरिनेछ ।
- ❖ संघीय प्रहरी, प्रादेशिक प्रहरी र आवश्यकता अनुसार नगर प्रहरी विच समन्वय गरी शान्ति सुरक्षा र कानूनी नगरको रुपमा विकास गरिने छ ।
- ❖ नगरका संवेदनशिल क्षेत्रहरुमा सशस्त्र प्रहरी कार्यालयको गुल्म/गण राख्नका लागि जग्गा छनौट गरी सम्बन्धित निकायमा पहल गरिनेछ ।
- ❖ नगरपालिकाको क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुको समुचित संरक्षणको व्यवस्था गरिनेछ ।
- ❖ विकास निर्माणमा साजेदारी र सह लगानिमा पनि ठुला योजनाहरु सञ्चालन गरिने छ

**आगामि आ.व. २०७५/०७६ का लागि तय भएका प्राथमिकताका क्षेत्रहरुः-**

- ❖ भौतिक पुर्वाधारहरुको मर्मत सुधार तथा स्तर उन्नतीमा जोड तथा नया सडक सञ्जाल विस्तारमा जोड  तथा पूरानो सडक सञ्जाल विस्तारका लागी आवश्यक कार्य गरीने छ ।
- ❖ कषि, पशु, वन, वातावरण र पर्यटन विकासमा जोड दिईने छ  ।
- ❖ मानवीय विकास (शिक्षा स्वास्थ्य र सरसफाइ) मा जोड  दिईने छ ।
- ❖ लैगिक तथा समावेशी विकासका लागि सामाजिक परिचालनमा जोड दिईने छ ।
- ❖ विभिन्न योजना अन्तगर्तका गुरुयोजना तयारीमा जोड दिईने छ ।

**योजना तर्जुमाका आधारहरु**

. नेपाल सरकारको आवधिक योजनाका सोच,  लक्ष्य, उद्देश्य, प्राथमिकता एव रणनीतिहरु ।
. नेपाल सरकारबाट प्राप्त बजेट सिलिङ्ग र मार्गदर्शन ।
. एकीकृत योजना तर्जुमा  समितिबाट प्राथमिकता साथ सिफारिस गरेका योजनाहरु

. स्थानिय नागरिकका आवश्यकता तथा जनसहभागिता जुटने गरी प्राप्त भएका योजनाहरु,

**आ.ब. ०७५/०७६ का लागि यस चापाकोट नगरपालिकाका समग्र विकास नीतिहरु यस प्रकार हुने छन् :**
१. **आर्थिक विकास तर्फ :**

**(क) कृषि बिकास सम्बन्धिः**

- ❖ कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि विकसित प्रविधिहरुको प्रचार प्रसार र प्राबिधिक सेवा दिई सर्बसुलभ रुपमा प्रदान गर्न नगरपालिकाको सबै वडा कार्यालय स्तरमा बिभिन्न ब्यबसायीक बिषयमा तालिम संचालन गरि कृषकहरुलाई सक्षम गराइने छ ।

- ❖ कृषिमा व्यवसायिकरण,यान्त्रीकरण,उत्पादित बस्तुको वजारिकरण र सामाजिक सम्मानको बाताबरण सृजना गरिने छ । कृषक समुह, सहकारी, सरकारी तथा गैर सरकारी संस्था र स्थानिय तहहरुको साझेदारीमा कृषि कायर्क्रमहरु सचालन गर्न नीति अवलम्बन गरिने छ ।
- ❖ युवाहरुलाई कृषिमा आर्कषण गराउन युवा लक्षीत कृषि कायर्क्रमहरु सचालन गरिनेछ
- ❖ पकेट क्षेत्रका रुपमा कम्तिमा एक वडा तथा वस्तीमा एक आयोजना/कार्यक्रम सञ्चालनमा जोड दिइने छ ।
- ❖ दिगो कृषि विकास, जैविक विबिधता, प्राकृतिक श्रोत तथा बाताबरण सरक्षण बिच सन्तुलन कायम राख्ने नीति लिइएको छ ।
- ❖ कृषि प्रसार सेवालाई प्रभाबकारी बनाउने कृषि सेवाकेन्द्र र सम्पर्क केन्द्रहरुलाई सुदृढीकरण र ब्यबस्थित गरि प्राबिधिकहरु र ग्रामिण कृषि कार्यकर्तालाई पनि परिचालन गरिने छ ।
- ❖ रासायनिक मलको आयात प्रतिस्थापन भकारो सुधार कार्यक्रम संचालनमा बिशेष जोड दिइने छ ।
- ❖ साना सिचाइ कायर्क्रम सचालन गरि सिंचित क्षेत्रफलमा उत्पादनमुखि विषेश कार्यक्रम सचालन गरिने छ ।

**हस्तान्तरण भै आउने कार्यक्रम प्राथमिकताका आधारमा सचालन गरिनेछ ।**

**(ख) पशु सेवा तथा प्रसार कार्यक्रम :**

- ❖ पशुजन्य उत्पादनका लागत मुल्य घटाउनुका साथै स्वस्थ्य पशुपालन प्रणालिको बिकास गर्ने घाँस बिकास कार्यकम प्राथमिकताका साथ सचालन गरिनेछ ।
- ❖ पशु उत्पादन तथा उत्पादकत्वमा बद्धि ल्याउन नश्ल सुधार कार्यकम उच्च प्राथमिकताका साथ संचालन गरिनेछ ।
- ❖ व्यवसायिक पशुपालन मार्फत रोजगार श्रृजना गरि युवाहरुलाई नगरभित्र स्वरोजगार बनाउनका लागि प्रतिस्पर्धी अनुदान उपलब्ध गराइ युवा लक्षित विकाश कार्यकम सञ्चालन गरिने छ ।
- ❖ कृषकहरुमा सिप हस्तान्तरणद्धारा आधुनिक पशुपालन पद्धतिको बिकास गर्दै लैजाने

कार्यमा जोड दिइने छ ।

- ❖ पशुपालन क्षेत्रको बिकासमा कृषक समुह/समिती /सहकारि/गैह सहकारि संस्था र नगरपालिका विच साझदारि गरिनेछ ।
- ❖ दलित, जनजाति, महिला, तथा बिपन्न बर्गमा बिषेश प्राथमिकताका साथ कार्यकम लगिने छ ।
- ❖ नगरपालिका लाई दुग्ध तथा दुग्धजन्य पदार्थमा आत्म निर्भर बनाउदै लैजाने र डेरि पकेट कार्यकमलाई प्राथमिकताका साथ सचालन गरीने छ ।
- ❖ पशुपन्क्षी पालनमा जोडदिई मासु आयात रोकी निर्यात तथा अन्डाजन्य उत्पादन गरि आगाडी वढाईने छ ।

**जिल्ला , प्रदेश तथा केन्द्र बाट हस्तान्तरण भै आउने कार्यक्रम प्राथमिकताका आधारमा सचालन गरिनेछ ।**

**(ग) घरेलु तथा साना उधोग तर्फ** :

- ❖ स्थानीय सीप, श्रोत, साधन एव प्रविधिका प्रयोगलाई बढावा दिई ब्यवसायिक उत्पादन तर्फ अग्रसर गराउने कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ लघु घरेलु तथा साना उद्यमीलाई मझौला तथा ठुला उद्योगहरुको सहयोगी उद्यमका रुपमा विकास गर्न सहजीकरण गरिनेछ ।

**(घ) पर्यटन :**

- ❖ नगरपालिकाको पर्यटन गुरुयोजना चालु आ.व. भित्रै तयार गरिने छ ।
- ❖ रामडाँडा कोट कालिका सितलटार आँधिघाट रामघाट, केलादिघाट उत्तरगंगा मणिमुकुन्देस्वर जैकुटी खोरिया घाट घनौसा सेखाम डाँडा जस्ता ऐतिहासिक एवम् धार्मिक क्षेत्रहरुको पर्यटन विकास का लागि पर्यटकिय क्षेत्रको रुपमा विकास गरिने छ । पर्यटन प्रवद्धन सम्वन्धी क्रियाकलाप सचालन गरिने छ । साथै पर्यटकिय क्षेत्रका पुर्वाधार निमार्णमा विशेष जोड दिइने छ ।
- ❖ पर्यटन प्रर्वद्धनको लागी सम्भावित क्षेत्रका सम्भाव्यता अध्ययन गरिने छ ।
- ❖ नगरपालिकाको पहिचान रहन सहन रितीरिवाज झल्कने गरी संग्राहलयको व्यवस्थापन गर्ने कार्यमा जोड दिईने छ ।
- ❖ नगरपालिकाको केन्द्र नजिक स्थानिय वासिन्दाको स्वय आर्थिक घोषणामा महत्वपुर्ण पर्यटन सुचना केन्द सहितको भ्युटावर निमार्ण गरिने कार्यमा प्रथामीकता दिईने छ । यस आर्थिक विकास समितिसग सवन्धित कायक्रमहरु कार्यान्वयन गर्न आगामी आ.ब.

मा रु. ६ करोड ४० लाख बजेट प्रस्ताव गरिएका छ ।

**हस्तान्तरण भै आउने कार्यक्रम प्राथमिकताका आधारमा सचालन गरिनेछ ।**

## (२) सामाजिक विकास कार्यक्रम :

### (क) शिक्षा सम्वन्धी :

- ❖ विदयालय व्यवस्थापनको समग्र पक्षमा सुधार ल्याइ बालमैत्री शिक्षाको पक्षमा जोड दिइने छ । यसका लागि पुर्वाधार निर्माण एव सुधार, शिक्षक तालिम, परिक्षा प्रणालीमा सुधार लगायत सचेतना अभिवृद्धि लगायतका कार्यक्रम कार्यान्वयनमा ल्याइने छ ।
- ❖ किसान प्राविधिक तथा ब्यवसायिक शिक्षालय चापाकोट १० मा बालि विज्ञान मा डिप्लोमा कक्षा सञ्चालन गरि समय अनुसार को शिक्षा विस्तार गरि सर्वसाधारणको पहूँच सम्म पुऱ्याइने छ । गंगालाल मा. वि र राम मन्दिर मा वि लाई पुर्ण नमुना विद्यालयको रुपमा विकास गरिने छ
- ❖ वालविकास केन्द्रको सुधार गर्न को साथै तालिम प्राप्त जनशक्तिको व्यवस्था गरिने छ ।
- ❖ बालअधिकारको सुनिस्चितताको लागि विद्यालयमा बालक्लव गठन र परिचालनका गर्न का लागि सहकार्य गरिने छ । जसवाट बालबालिकाहरुको शिक्षामा पहुँच वढाउनको साथै पढाइमा निरन्तरता गर्नमा मद्धत पुग्नेछ
- ❖ विदयालयमा भैतिक निर्माण सुधार, शिक्षक तालिम र समुदाय सचेतना कायर्क्रमका माध्यमवाट विदयालय वातावरणमा सुधार ल्याइ सामुदायिक सहभागिता र वातावरण सरक्षणमा सहयोग पुरयाइने छ ।
- ❖ शिक्षा समिती लाइ चुस्त पारी सम्पुर्ण शिक्षक हरुलाइ अनिवार्य आफ्ना सन्तान आफु अध्यापन गराउने विद्यालयमा भर्ना गर्नुपर्ने कार्यकमलाइ सफल पारिने छ । साथै ३० बर्ष अध्यापन गर्नुभएका शिक्षकहरुले स्वच्छीक अवकास लिन चाहनेहरुलाई प्रोत्साहन भत्ता कार्यकम लाई जोड दिइने छ
- ❖ मुल्याकन र प्रतिस्पर्धाका माध्यमबाट प्रेत्साहन गर्न निति अवलम्वन गरिने छ । क्रमागत रुपमा अग्रेजी माध्यमलाई अनिवाय गर्दै लगिने छ
- ❖ कम्प्यूटर शिक्षा र अनलाइन माध्ययमको विकास गरिने छ । प्राविधिक तथा कृषी कयाम्पस को लागि आवस्यक प्रकृया अघि बढाइसकिएको छ भने निकट दिनमैं सुरुवात समेत गरिनेछ ।
- ❖ मातृभाषामा शिक्षा दिनेगरि आवश्यक सवै व्यवस्था मिलाइने छ ।
- ❖ नगरपालिकामा व्यवसायिक प्राविधिक उच्च शिक्षालय स्थापनामा जोड दिइनेछ ।

**हस्तान्तरण भै आउने कार्यक्रम प्राथमिकताका आधारमा संचालन गरिनेछ ।**

**(ख) स्वास्थ्य सम्वन्धी :**

- ❖ प्राथमिक तथा आधारभुत स्वास्थ्य सेवा गुणस्तरीय रुपमा निशुल्क प्रदान गरिने छ ।
- ❖ अस्पताल निर्माण सेवा मा प्रभावकारीता जस्ता कुराहरुलाई अवलम्वन गरिनेछ ।
- ❖ निशुल्क स्वास्थ्य सेवा कायक्रमको प्रभावकारी कार्यन्वयन तथा स्वास्थ्यकर्मीहरुका सेवालाई नियमित र पहुचयोग्य तुल्याइनेछ ।
- ❖ प्रतिरोधात्मक, प्रवर्द्धनात्मक , उपचारात्मक, पुनर्थात्मक स्वास्थ्य सेवामा प्राथमिकता दिइनेछ ।
- ❖ स्वास्थ्य चौकी भवन नभएका ठाउमा स्वास्थ्य चौकीहरुमा भवन निमाण जोड दिइने छ ।
- ❖ सरुवा रोगहरु तथा एच.आइ.भि. एडस नियन्त्रण, रोकथाम गर्ने कायर्क्रमलाई अगाडि बढाईने छ ।
- ❖ आयुर्वेदकि सेवालाइ विस्तार गर्दै जडिबटी उत्पादनमा पोत्साहन गरिने छ ।
- ❖ महिला स्वास्थ्य स्वय सेविकालाई थप प्रोत्साहन गरिने छ ।
- ❖ नीजि अस्पताल, नसिङ्ग होम, पोली क्लिनिक र औषधी पसलहरु वडा वडा र गाउगाउमा खोल्न समन्वय सहजिकरण र आह्वान गरिने छ ।
- ❖ स्वास्थ्य क्षेत्रमा नपुग जनशक्ति आपुर्तीमा जोड दिइनेछ

**हस्तान्तरण भै आउने कायर्क्रम प्राथमिकताका आधारमा संचालन गरिनेछ ।**

**(ग)महिला तथा बालबालिका सम्वन्धि :**

- ❖ अधिकारमा आधारित विकास पद्धतिलाई आत्मसात गर्दै वडा वडाका महिलाहरुलाई नेतृत्व एव क्षमता विकासको तथा आर्थिक विकासका लागि सिपमुलक तालिम दिइनेछ।

- ❖ लक्षित कायर्क्रम तर्फ यस अगाडि बजेट विनियाजन भई रहको अवस्थालाई मध्यनजर गरि हाल नयाँ कार्यालय स्थापना, सचालन, व्यवस्थापन, नयाँ सरचना निमार्णमा वढि वजेट खर्चनपर्ने वाध्यतालाई मध्य नजर गरि पछिल्ला आ.व.मा लक्षित तर्फ वढी जोड दिइनेछ ।
- ❖ महिला शशक्तिकरणमा जोड दिइ आगामी ५ वर्ष महिला हिसा तथा यौन हिशा शुन्य नगरपालिका बनाउने निति अवलम्वन गरिनेछ ।
- ❖ बोक्सी प्रथा तथा दाईजो प्रथालाई निरुत्साहित गर्नेनिति लिइएको छ ।
- ❖ नगरपाीलिकाको केन्द्रवाट महिलालाई कानुनी सचेतना तथा सविधान लगाएतको विषयमा तालिम प्रदान गरिने छ।
- ❖ महिला हिसा विरुद्ध दिवस, नारी दिवस, नेपाली सस्कति जोगाउने हरितालीका तिज जस्ता कायर्क्रम सचालन गरि महिला शशक्तिकरणमा जोड दिइने छ ।

**हस्तान्तरण भै आउने कायक्रम प्राथमिकताका आधारमा सचालन गरिनेछ ।**

## (घ) अपांगता तथा फरक क्षमता तर्फ :

- ❖ अपाङ्गता भएका ब्यक्तिहरुका सामाजिक समावशीकरण एव सेवा प्राप्तीमा  सहज पहुचका लागि नगरपालिकाका  तथा वडाका सार्वजनिक, सरकारी कार्यालयहरुलाई क्रमश अपाङ्गमत्री वनाउदै लगिनेछ ।
- ❖ सवै भाषाभाषी लाई उच्च सम्मान गर्दै यस नगरपालिकामा वसोवास गर्ने वहुसख्यक सम्प्रदाय रहेका अवस्थालाइ मध्यनजर  गरि स्थानिय भाषामा सेवाग्रहिको लागि दोभासेको व्यवस्थाको थालनी गरिने छ ।
- ❖ जनजाति,  दलित, द्धन्द पिडित,  शहिद परिवार, आर्थिक  सामाजिक रुपल पछाडीपरेका  वर्ग तथा समुदायको हितकालागि लक्षित कार्यक्रम लगाएत सिपमुलक र रोजगारी मुलक कार्यक्रम तर्जुमामा जोड दिइने छ ।
- ❖ अपाङ्ग लक्षित कार्यक्रम प्रत्येक वडा तथा नगरपालिका बाट सचालन  गरिने छ ।

## (ङ)खानेपानी  तर्फ :

- ❖ खानेपानीको पुराना आयोजनाहरुको मर्मत तथा संभार तथा क्रमागत योजना एव नया आयोजनाहरुको कार्यन्वयन गर्दा नगरपालिकाको “एक घर एक धाराको” नीतिलाइ अवलम्वन गरिनेछ ।
- ❖ खानेपानी आयोजनाहरुको दीगोपनाको लागि सम्वन्धित उपभोक्ताहरुलाई मर्मतसभार तालिम प्रदान गरिनेछ ।

**हस्तान्तरण भै आउन कार्यक्रम प्राथमिकताका आधारमा सचालन गरिनेछ ।**

यस सामाजिक विकास समितिसग सवन्धित कायक्रमहरु कार्यान्वयन गर्न आगामी आ.ब. मा रु. १ करोड ९२ लाख बजेट प्रस्ताव गरिएका छ ।

## (च) वातावरण तथा विपद व्यवस्थापन:

- ❖ नगरपालिका क्षेत्रमा लोप हुदै गएका जिवजन्तु तथा पशुजन्य घासहरु डालेघास प्रजातिहरुको विरुवा उत्पादन, र नीजि तथा सामुदायिक वनमा खाली तथा वाझो जग्गामा ब्यापक वृक्षारोपण गर्ने कार्यलाई जोड दिइ वन तथा पशुजन्य उत्पादन तथा उत्पादकत्व वढाउने कार्यलाई प्राथमिकता दिइनेछ ।
- ❖ वन तथा वातावरण सम्वन्धि कार्यकमहरु  सचालन गर्दा जैविक विविधता सरक्षण, जलवायु परिर्वतन अनुकुलन  तथा गरिव तथा विपन्न वर्गको जिविकोपार्जनमा मद्धत पऱ्याउने कार्यकमहरुलाई विशेष प्राथमिकता दिइने छ ।
- ❖ सार्वजानिक जग्गाको लगत तयार गर्न तथा उचित व्यवस्थापनका लागि समग्र भु

उपयोग निति तर्जुमा गरिने छ। यसका लागि प्रारम्भिक  चरणमा सार्वजानिक जग्गा लगत संकलन समिति गठन गरि कार्य थालनि गरि सकिएको छ।

- ❖ विपद व्यवस्थापन कोष स्थापना गरि आवश्यक वजेट विनियोजन गरिने छ। साथ सो कोषको रकम दैविक प्रकोप तथा विपद व्यवस्थापन, उद्धारमा न्याचित तरिकले खर्च गरिने छ ।
- ❖ फोहार  मैला व्यवस्थापनका लागि प्रत्येक वडा,  टोल टोलमा टोल विकास समिति गठन गरि पुर्ण सरसफाइ अभियानको थालनि गरिने छ। साथ फोहार मैला व्यवस्थापन र विसर्जन वाट पून मलको रुपमा प्रयोग गर्न सक्ने प्रविधीको तालिम दिईने छ।
- ❖ वातावरण मैत्री नगरपालिका वनाउनका लागि वातावरणमैत्री स्थानिय शासन ,२०७० को सुचक अनुसार कार्यक्रम तय गरिने छ।
- ❖ प्राकतिक  सरक्षण क्षेत्र अर्न्तगत काम गरि रहेका सस्था लाई अझै वढी प्रभावकारी वनाउन उचित समन्वय र सहकार्य गरिनेछ।

**हस्तान्तरण भै आउने कार्यक्रम प्राथमिकताका आधारमा सचालन गरिनेछ।**

यस  वातावरण तथा विपद व्यवस्थापन समितिसग सवन्धित कायक्रमहरु कार्यान्वयन गर्न आगामी आ.ब. मा रु १ करोड १० लाख  बजेट प्रस्ताव गरिएको छ।

## <u>३. पुर्वाधार विकास</u>

### (क) सडक तर्फ :

- ❖ आगामी आ.व. भित्र सडक गुरुयोजना तयार गरि सोहि वमाजिम  सडक निमार्ण कार्य अगाडि वढाइने छ।
- ❖ नगरपालिका क्षेत्रको कमजोर सडकहरुका नियमित मर्मत, आवद्यिक मर्मत र स्तरोन्नती गरिनेछ।
- ❖ नगरपालिकाको सबै वडा नगरपलिका केन्द सग सडक  सजालमा  जोडिने गरि आवश्यक योजना वनाईने छ।
- ❖ वडा केन्द्र  जोडन सडकहरुमा वर्षभरी निर्वाधरुपमा  यातायात सचालन गर्नेगरी जनशक्ति तथा उपकरण परिचालन गरिनेछ।
- ❖ साघुरा  सडकलाई खुल्ला र फाराकिला वनाई दिर्घकालीन  सडक सरलिकरण गराउन सडकका राष्टिय मापदण्ड पुर्ण रुपमा पालना गराइ सडक चक्लावन्धीमा जोड दिइने छ ।
- ❖ नगरपालिका अन्तरगत रहेका सम्पुर्ण सडकहरुलाई विस्तारै कालोपत्रे गदै लगिने छ र केन्द्र तथा प्रदेश सरकार संग समन्वय गरि प्राथमिकिकरणका आधारमा लगानि वृद्धि

गरिने छ।

**हस्तान्तरण भै आउने कार्यक्रम प्राथमिकताका आधारमा सचालन गरिनेछ।**

**(ख)विद्युत तर्फ :**

विधुत प्राधिकरणको समन्वयमा नगरपालिकालाई आगामी आ.ब. का अन्त्य सम्ममा विधुत नपुगेका सबै वडाहरुमा विधुतीकरण कार्य सम्पन्न गरी सबै घर धुरीमा विधुत सेवा पुगेको सुनिश्चित गरिनेछ।
अब उप्रान्त गरिने विधुतिकरणको कायमा स्टील पोलहरु प्रयोग गरिनेछ एव जिर्ण काठे पोलहरुलाई स्टील पोलबाट क्रमश : विस्थापन गरिनेछ।

**(ग)सिचाई तर्फ :**

साना सिचाइ आयोजनाहरुलाई आगामी वर्ष कार्यान्वयन गदै सिचाई प्रणालीको मर्मतसभार र नयाँ प्रविधिमा आधारित सिचाइ आयोजनाको कार्यन्वयनमा जोड दिइने छ साथै मझौला र ठुला सिचाइ योजनाको हकमा सिचाइ डिभिजन कार्यालय प्रदेश र केन्द्रमा अनुरोध गरिने छ।
सिचाइ सुविधा पुगेका खेती योग्य जमिन वाझो राख्नेलाई अभिलेख तयार गरि जरिवाना गर्ने निति कडाईका साथ लागु गरिने छ।

**(घ) सरचना निर्माण तर्फ :**
भुकम्प प्रतिरोधात्मक घर निमार्ण कार्य सार्वजानिक तथा निजि क्षेत्रमा कडाइ का साथ मापदण्ड तयार गरि लागु गरिनेछ।

**(ङ) पुर्वाधार निमार्णका वहुवर्षिय योजना तर्फ :**

- ❖ नगरपालिकाकाका सवै वहुउदेश्यिय वडा कायालयका भवन निर्माण, महत्वपुर्ण सडक निर्माण, पुल निर्माण जस्ता ठुला वृहत आयोजनको हकमा वहुवर्षिय योजना पद्धति अवलम्वन गरिने छ।
- ❖ रेडियो, पत्रपत्रीका, टेलिभिजन तथा इमेल मार्फत नगरपालिकाको सवै सुचना प्रसारण गरिने छ।
- ❖ रेडियो, टलिभिजनमा अन्तर सवाद, अन्तरक्रियाका सुचना, जानकारी मुलक कायर्क्रम सचालनमा जोड दिइने छ।
- ❖ पत्रकारीता संचार जगत सग विकास र सुशासनमा सहकार्य गरिने छ।
- ❖ ई–पत्रकारीता सामाजिक सजाल(Facebook) तथा आफ्नो Wabsite मा सुचनाको प्रवाह गरिने छ।

यस पुर्वाधार  विकास समितिसग सवन्धित कार्यक्रमहरु कार्यान्वयन गर्न आगामी आ.ब. मा रु ७ करोड ८१ लाख ११ हजार ८ सय १८। २० पैसा  प्रस्ताव गरिएको छ ।

**<u>३. सस्थागत विकास तथा सेवा प्रवाह :</u>**

- ❖ नगरपालिकाको पञ्चवर्षिय आवधिक योजना र्तजुमा  कार्यलाई आगामी आ.ब. मा सम्पन्न गरी वार्षिक नगरपालिका योजना र आवधिक नगरपालिका योजना विच तादम्यता मिलाइ योजना प्रक्रियालाई ब्यवस्थित बनाइनेछ ।

- ❖ कार्यरत कर्मचारीहरुको कार्य प्रक्रियालाई वैज्ञानिक  ढङ्गले ब्यवस्थापन गर्न नगर प्रमुख र सवै कर्मचारीहरु वीच कार्य सम्पादन करारको सम्झौता गरी सेवा  प्रवाहलाई थप जनमुखि एव नतिजामुलक बनाइनेछ ।

- ❖ नगरपालिका कार्यालयले धान्न सक्ने र नभइ नहुने जनशक्तिको हकमा मात्र ऐन कानुनको परिधि भित्र रहि दरवन्दी गर्ने कार्यलाई अगाडि वढाइने छ ।

- ❖ चापाकोट नगरपालिका केन्द्र तथा सवै वडा कार्यालयमा नागरिक वडा पत्र तथा क्षेतिपुर्ति सहितको नागरिक वडापत्र कायम गरि सेवाग्राहि प्रति उत्तरदायि वनाइने छ ।

- ❖ सवै वडा कार्यालय सुचना मैत्री वनाई अनलाइन घटना दर्ता प्रकृया यथाशिघ्र थालनि गरिने छ सो कार्यको लागी आवश्यक व्यवस्था गरीने छ ।

- ❖ नगरपालिकाको गतिविधि सम्वन्धमा चैामासिक र वार्षिक वुलेटीन  प्रकासन गरिने छ ।

- ❖ लेखा, पञ्जिकरण, एकिकृत  सम्पती कर, लगाएत नगरपालिकालाई आवश्यक पर्नेसवै सफटवेयर खरिद गर्ने कार्यलाई तदारुकता साथ अगाडि वढाईने छ ।

- ❖  उपभाक्ता समितिलाई आयोजना व्यवस्थापन, कमचारीलाई कार्यालय सचालन व्यवस्थापन, सेवा कालिन तालिम, सुचना प्रविधि तालिम, साथ पदाधिकारी कर्मचारीका सयुक्त  अवलोकन भ्रमण तथा क्षेमता विकास कार्यक्रम सचालन गरिने छ ।

- ❖ वेरोजगार  युवाजनशक्तिलाई सिपमुलक स्वयम रोजगार वनाउन प्रत्येकवडामा युवा स्वरोजगार तालिम प्रद्धान गरिने छ ।

- ❖ नगरपालिका  भित्र सचालन हुने खेलकुद तथा सास्कतिक क्रियाकलापलाई प्रोत्साहन हुनेगरी कार्यक्रम सचालन गरिने छ आवश्यक स्थान हेरी खेलमैदान वनाउनेकार्यमा सोच राखिने छ  । माद्यक पदार्थ (गाजा, रक्सी, चुरोट)  नियन्त्रण गर्न युवा लक्षित

सडक नाटक लगाएत चेतनामुलक कायर्क्रममा जोड दिइनेछ ।

- ❖ नगरपालिकालाई मदिरा तथा गाजा मुक्त क्षेत्र घोषणामा जोड दिइने छ ।
- ❖ नगरपालिका भित्र सचालित योजना तथा कार्यक्रमका नियमित अनुगमन मुल्याकन गरिने छ ।

यस सस्थागत विकास र सेवा प्रवाह समितिसग सवन्धित कार्यक्रमहरु कार्यान्वयन गर्न आगामी आ.ब मा रु ८ करोड २७ लाख ५० हजार १ रुपैया ८० पैसा बजेट प्रस्ताव गरिएको छ ।

## ४. वित्तिय व्यवस्थापन र सुशासन

### (क). राजश्व परिचालन तर्फ :

- ❖ चालु आ.व २०७४।७५ का लागि निर्धारण गरिएको करको दायरा लाई समयानुकुल परिमार्जन गरि वैज्ञानिक कर प्रणालि अवलम्वन गरिने छ ।
- ❖ कर अनिर्वाय दायित्व हो तिर्नपर्ने भन्ने (धारणा) चेतना तल्लो जनस्तर सम्म पर्‍याइने छ ।
- ❖ कर सकलन छिटो छरितो सरल हुनेगरी **Software Develop** गर्ने कार्यमा जोड दिइने छ ।
- ❖ सकलित कर तथा सवै आर्थिक कारोवारको सरक्षित व्यवस्थापनका लागि एकद्धार प्रणालि अन्तरगत वैक खातामा राख्ने प्रणालिलाई अनिवार्य गरिने छ ।
- ❖ समयमा कर नतिर्ने लाई थप जरिवाना र दण्डित गरिने छ ।
- ❖ केन्द्रीय अनुदान र आन्तरीक आय क्षमता ७५/२५ प्रतिशत को रेसियामा पुर्‍याउने लक्ष्यका साथ कर निति, रणनिति र दायरको खोजि गरिने छ ।
- ❖ राजश्व परिचालनलाई प्रभावकारी वनाउन राजश्व शाखाको व्यवस्था गरि सस्थागत सुदृढिकरणका लागि आवश्यक श्रोत साधनको प्रवन्ध मिलाइनेछ ।

### (ख). वित्तिय अनुशासन र सुशासन तर्फ :

- ❖ वडा कार्यालयलको विपद व्यवस्थापन कोष, स्थानिय विकास कोष अर्न्तगत प्राप्त पुजी रकम ऋण लगानि गरको रकम , कर्मचारी कल्याणकोष लगाएत विभिन्न वचत तथा मुद्धती खातामा रहको रकम नगरपालिकाको मातहतमा ल्याई तत तत कार्यको नयाँ कोष खडा गरि सञ्चालन सम्वन्धमा आवश्यक निर्णय लिइने छ ।
- ❖ नगरपालिकालाई दिर्घकालिन आर्थिकभार तथा दायित्व वद्धि हुनेगरि तथा वार्षिक प्रशासनिक तथा चालु पंकतिका खर्च बढनेगरि कुनैपनि निर्णय तथा निति लिइने छैन ।

- ❖ आर्थिक ऐन र खरिद ऐनको अधिनमा रहि उपभोक्ता समिति मार्फत सवै निर्माण कार्य गर्ने तर्फ जोड दिइने छ ।
- ❖ बेरुजू तथा पेश्की  लाई निरुत्साहित गरि आर्थिक पारदर्शिता कायम गर्ने काम सम्पन्न भएको आधारमा मात्र भुक्तानी दिने गरि पेश्की नियन्त्रण गरिने छ ।
- ❖ साविका वडा कार्यालयको पेश्कि  फछ्र्यौटमा वडा मार्फत ताकेता गरिने छ । लैगिक उत्तरदायि वजेट निमार्णमा जोड दिइने छ ।

यस वित्तिय व्यवस्थापन र शसासन सग सवन्धित कायक्रमहरु कायान्वयन गन आगामी आ.ब. मा रु. ६५ लाख  बजेट प्रस्ताव गरिएको छ ।

**नेपाल सरकारसंग माग गर्ने चापाकोट नगरपालिकाका  गौरवका आयोजनाहरु :**
नगरपालिकाको स्रोत तथा क्षेमताले धान्न नसक्ने अनुसुचीमा  उल्लेखित  योजनाको हकमा नेपाल सरकार समक्ष माग गर्नेगरि प्रस्ताव  गर्दछु ।

**श्रद्धेय सभासदस्य ज्यु हरु**
प्रस्तुत  नीति  कायक्रम तथा वजेटका  कार्यान्यनबाट चापाकोट नगरपालिकाको सामाजिक, आर्थिक,भौतिक पुर्वाधारका विकास तथा वातावरण सरक्षण सम्वर्धन मार्फत स्थानीय स्तमा रोजगारी अभिबद्धि तथा आय आर्जनको  यथोचित वातावरण सृजना भई  समग्र नगरपालिकाको वहुआयामिक गरिवी न्युनिकरणमा योगदान पुग्ने छ ।

प्रस्तावित बजेट  तर्जुमा गर्दा केन्दीय  निर्देशन तथा बजेट शिलिङग, नगरपालिकाको प्राथमिकताका क्षेत्रहरु र सहभागितामलक  योजनाहरु तर्जुमा  प्रकृयाको  विभिन्न चरणहरु पार गर्दै  प्राप्त भएका योजनाहरु तथा नगरपालिका स्तरीय राजनतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, सरकारी तथा गैर सरकारी सघ सस्था एव नागरिक समाजका प्रतिनिधी तथा आम सरोकारवाला जनसमुदाय बाट प्राप्त हुन  आएको अमुल्य सल्लाह सुझावहरुलाई उपलव्ध साधन,  श्रोतको  सिमाको परिधी भित्र रही समेट्न  प्रयास गरीएको छ ।

**श्रद्धेय उपस्थित महानुभावहरु,**
माथि उल्लेखित  योजना कार्यक्रमहरुको कार्यानवयनका  लागि अनुमानित बजेट  प्रस्तुत गर्न अनुमति चाहन्छु ।

आगामी आ.व. मा नगरपालिकाको कुल अनुमानित बजेट रु ४१ करोड ८७ लाख ६१ हजार ८ सय २० रहको छ । जसमा चालु तथा प्रशासनिक खर्च रकम रु २९ करोड १६ लाख १५ हजार ३ सय १३ छ  भने कार्यक्रम तथा पुजिगत तर्फ रु. १२ करोड  ७१ लाख ४६ हजार ५ सय ७ रहको छ । जस मध्ये चालु तथा प्रशासनिक  र पुजिगत तथा कार्यक्रम बजेट क्रमश: ६६ र ३३ प्रतिशत रहेको छ ।

अब म यस नगरपालिकाको अनुमानित क्षेत्रगत एव विषयगत बजेटको सक्षिप्त विवरण प्रस्तुत गर्न अनुमति चाहान्छु

| क्र.स | विषयगत समितिहरु | कार्यक्रम तथा पूजिगत वजेट | चालू कार्यक्रम तथा प्रशासनिक वजेट | जम्मा रकम रु |
|---|---|---|---|---|
| १ | आर्थिक विकास समिति | ४५०००००० | १९०००००० | ६४०००००० |
| २ | सामाजिक विकास समिति | १७७०००००० | १५०००००० | १९२०००००० |
| ३ | पूर्वाधार विकास समिति | ७८१११८१८।२ | ० | ७८१११८१८।२ |
| ४ | वातावरण तथा विपद व्यवस्थापन समिति | ८३०००००० | २७०००००० | ११०००००० |
| ५ | संस्थागत विकास र सेवा प्रवाह | १४७३४६८८।८ | ६८०१५३१३ | ८२७५०००१।८ |
| ६ | वित्तिय व्यवस्थापन र शूसासन | ३५०००००० | ३०००००० | ६५०००००० |
|  | ससर्त तर्फ | ३०००००० | ४१४५०००००० | ४१४८०००००० |
|  | जम्मा | १२७१४६५०७ | २९१६१५३१३ | ४१८७६१८२० |

वस्ती वडा विषयगत एकिकत हुदै कार्यापालिका वाट पास भएको योजनाको विवरण अनुसुची मा भए वमोजिम छलफल र स्वीकृतिका लागि अनुरोध गर्दछु ।

अन्त्यमा, हामीलाइ निर्वाचित गरि यो भुमिकामा पुऱ्याउने तथा विकास प्रेमी आम नागरिक, राजनीतिज्ञ, वौद्धिक वर्ग र समाजसेवीहरुको व्यापक सहभागितामा चापाकोट नगरपालिकाका समस्त आर्थिक, समाजिक, भौतिक तथा वातावरणीय विकासमा साझा सहमतिका प्रतिवद्धताका साथ नगर कार्यपालिका वाट पारित भएको प्रस्तुत वजेट पारित र कार्यान्वयनमा सक्रिय सहभागि भइ दिनुहुने नगर उप प्रमुख ज्यु लगायत सवै नगरसभाका सदस्य ज्युहरु कर्मचारी मित्रहरु लाई धन्यवाद ज्ञापन गर्दै म राजनीतिक दल एव सरोकारवाला सम्पुर्ण आम नागरिक, जिल्ला र नगरपालिका स्थित सरकारी कार्यालय, सघ सस्था NGO / INGO लगाएत सवैलाई सृजनात्मक, सकरात्मक एव रचनात्मक सहयोगका लागि हार्दिक आभार व्यक्त गर्न चाहान्छु । साथै योजना तर्जुमा, कायान्वयन, अनुगमन, र मुल्याङ्कनका सम्पर्ण चरणहरुमाा स्थानीय समुदाय साथ निर्वाचित सवै पदाधिकारीको प्रत्यक्ष र अर्थ पुर्ण सहभागिताबाट मात्र यस नगरपालिकाको समग्र दिगो विकास सम्भव रहको व्यहोरा समेत निवेदन गर्न चाहान्छु । यसका लागि सरकारी गैर

सरकारी नीजि क्षेत्र दातृ निकाय नागरिक समाज तथा सम्पुर्ण सरोकारवाला समुदायको साझेदारी सहकार्य र समन्वयका उद्धेष्यमुखी अर्थ पुर्ण प्रयत्न नै उपयूक्त माग हो भन्ने भनाइको साथै सबै सदस्य ज्युहरुको आज पुर्ण एव गरिमामय सहभागिता रे छलफल वाट यो वजेट पास गर्नुहुने छ भन्ने अपेक्षा र छलफलमा सहभागिता का लागि अनुराध गर्दै सवै प्रति आभार प्रकट गर्दै विदा हुन चाहन्छु ।

धन्यबाद !

........................

शिव कुमार गिरी

नगर प्रमुख

यस चापाकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट तपशिल बमोजिमका योजनाहरु प्रदेशमा सिफारीस गरिएको छ ।

**तपशिल:**

| क्र.सं | योजनाको नाम | ठेगाना |
|---|---|---|
| १ | दामाचौर ज्याग्दीखोला-बढडाँडा सिम्रिङकोट पर्यटकिय बाटो | वडा-८,६ |
| २ | दार्सिंङ हस्पिटल | वडा-४ |
| ३ | क्रिकेट खेल मैदान | वडा -८ |
| ४ | चापाकोट रिंगरोड | वडा -९ |
| ५ | छितेखोला दामाचौर दार्सिंग कालोपत्रे | वडा -८,४ |
| ६ | धार्मिक तथा मठ मन्दिर निर्माण आधिघाट | वडा -१० |
| ७ | पोखरी तथा पार्क निर्माण | वडा -९ |
| ८ | सि.टि हल ट्पार्क निर्माण | वडा -९ |
| ९ | किनारे-पिपलडाडा-हुम्दीदोभान सडक पिच | वडा नं ३ |

यस चापाकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट तपशिल बमोजिमका योजनाहरु केन्द्रमा सिफारीस गरिएको छ ।

<u>**तपशिल:**</u>

| क्र.सं. | योजनाको नाम | ठेगाना |
|---|---|---|
| १ | नगरपालिका तथा वार्ड भवन निर्माण | |
| २ | फलेदेघाट मोटरेबल पुल निर्माण | वडा -२,५ जोड्ने |
| ३ | एयरपोर्ट र सुरक्षा व्यबस्थापन | |
| ४ | जोगिनाम्सा पुल निर्माण | वडा -१,१० जोड्ने |
| ५ | ज्यागदी हाईड्रो निर्माण | वडा ४,५ |